नेपाल सरकार

# विज्ञापन बोर्ड

बबरमहल, काठमाडौं

प.सं. :- ०८१/८२

च.नं. :- ३५०

मिति :- वि.सं. २०८१/११/०१

ने.स. :- ११४५ सिल्लागा १ बिहीबार

विषयः बिद्युतीय सञ्चार माध्यममा लोककल्याणकारी विज्ञापन प्रसारणको लागि आवेदन दिने म्यद थप सम्बन्धी सुचना ।

नेपाल सरकारबाट उपलब्ध गराइने लोककल्याणकारी विज्ञापन प्रसारण गर्न इच्छुक टेलिभिजन (भु-उपग्रह,भु-सतहि, केवल) र रेडियो तथा एफ.एम. रेडियोहरुले यस बोर्डको अनलाइन प्रणाली मार्फत २०८१/१०/३० गतेसम्म आवेदन गर्न मिति २०८१/१०/१५ गते तेस्रो पटक सुचना प्रकासित गरिएकोमा टेलिभिजन र रेडियो तथा एफ.एम. रेडियोहरुले आवेदन पेश गर्न बाँकी देखिएको तथा सरोकारबाला संघ/संस्थाहरुले बिभिन्न कारणहरु जनाई म्याद थपको लागि अनुरोध गर्नु भएकोले लोककल्याणकारी विज्ञापन प्रसारण गर्नका लागि विज्ञापन बोर्डमा सुचीकरण तथा नविकरण गर्न बाँकी रहेका टेलिभिजन, रेडियो तथा एफ.एम. रेडियोहरुले मिति २०८१ फाल्गुण ८ गतेसम्ममा तपसिल बमोजिम आवदेन गरी बोर्डमा सूचीकरण तथा नविकरण गर्नु गराउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सुचना प्रकासित गरिएको छ ।

तपसिलः

१. लोककल्याणकारी विज्ञापन प्रसारण गर्न चाहने विद्युतीय सञ्चारमाध्यममले विज्ञापन बोर्डमा आफ्नो सञ्चारमाध्यम सूचीकरण तथा नविकरण गर्नुपर्नेछ । सञ्चारमाध्यम सूचीकरण तथा नविकरण स्वीकृत भए पश्चात मात्र लोककल्याणकारी विज्ञापन प्रसारणको लागि अनलाइन प्रणालीबाट आवेदन दिन सकिनेछ ।

२. सञ्चार माध्यमको सूचीकरण तथा नविकरण गर्दा बोर्डको बेवसाइट adboard.gov.np को AMS Login वा ams.adboard.gov.np मा login गरी आवश्यक विवरण प्रबिष्टि गर्नुका साथै बिद्युतीय सञ्चारमाध्यममा लोककल्याणकारी विज्ञापन प्रसारणसम्बन्धी कार्यविधि, २०८१ को दफा ८ को उपदफा (२) र (३) बमोजिमका कागजात समेत संलग्न गर्नुपर्नेछ ।

३. गत आर्थिक बर्षमा विज्ञापन बोर्डमा सुचीकृत भईसकेका विद्युतीय सञ्चारमाध्यमले समेत अद्यावधिक कागजात अनलाइनमा प्रविष्ट गरी चालु आ.ब.का लागि नविकरण गर्नुपर्नेछ ।

४. बिद्युतीय सञ्चारमाध्यमको सुचीकरण तथा नविकरण स्वीकृत भए पश्चात विद्युतीय सञ्चारमाध्यमले लोककल्याणकारी विज्ञापन प्रसारणको लागि पुनः बोर्डको वेबसाडट ams.adboard.gov.np मा Login गरी मापदण्डको अनुसूची-१ बमोजिमको ढाँचामा आवेदन दिनुपर्नेछ ।

५. बिद्युतीय सञ्चारमाध्यमको सुचीकरण तथा नविकरण एवं लोककल्याणकारी विज्ञापन प्रसारणको लागि आवेदन प्रक्रिया पुरा नगरेका टेलिभिजन, रेडियो तथा एफ.एम. रेडियोहरुलाई लोककल्याणकारी विज्ञापन उपलब्ध गराइने छैन ।

यस सम्बन्धी विस्तृत जानकारीको लागि बोर्डको इमेल वा ०१-५९०९३४४/५९१९३४६ मा सम्पर्क गर्नु हुन अनुरोध छ ।

प्रमाणित डिजिटल हस्ताक्षर गर्ने व्यक्ति
Dilli Ram Subedi
dkt.adm2029@gmail.com

(डिल्ली राम सुवेदी)
शाखा अधिकृत